# मिति २०८०।०२।१९ गते बसेको विहादी गाउँकार्यपालिका बैठका निर्णयहरु

**निर्णयहरु :**

**निर्णय नं. १ :** चालु आर्थिक वर्ष २०७९।८० को हालसम्मको वित्तिय प्रगति शिर्षकगत रुपमा विनियोजित रकम, खर्च रकम र खर्च प्रतिशतको व्यापक छलफल गरियो । चालु आ. व. को खर्चको आधारमा आगामी आर्थिक वर्ष २०८०।८१ को शिर्षकगत बजेट निर्माणमा सुधार गर्ने निर्णय गरियो ।

गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को वार्षिक आय तथा व्यय (आर्थिक प्रगति र भौतिक प्रगति)को विषयमा छलफल र समिक्षा गरियो । केही शिर्षकहरुमा भएका खर्चहरुको सम्बन्धमा स्पष्ट हुन आवश्यक देखिएकोले अध्ययन गरि आगामी बैठकमा छलफल र समिक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** गाउँपालिकाको औद्योगिक ग्राम निर्माणको लागि ए वान खप्तड कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स विच मिति २०७८ असार २१ मा सम्झौता गरि कायदिश दिईएकोमा निर्धारित समयमा अपेक्षित कार्य प्रगति नभएको तथा निजलाई पटक पटक कार्य सम्पन्न गर्नको लागि लिखित निर्देशन दिंदा समेत अटेर गरि वेवास्ता गरेकोले ठेक्का सम्झौता भंग गरि नियमानुसार आवश्यक कारवाही अगाडी बढाउने प्रकृया थालनि गर्ने निर्णय गरियो ।

साथै वडा नं. ४ को कार्यालय भवन निर्मण सम्बन्धी ठेक्का कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटकको लिखित आग्रह र स्पष्टिकरण लिईए पनि काम अगाडी नबढाई अलपत्र छोडेकोले निर्माण कार्यको ठेक्का पाएको सातविसे कन्स्ट्रक्सन प्रा.लि. भरतपुर १० चितवन सँग गरेको सम्झौता भंग गरि आवश्यक कारवाहीको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णण नं. ३ :** निम्न शिर्षकहरुमा रकम नपुग भई कार्यक्रम अगाडी बढाउन समस्या आएकोले आगामी गाउँसभाबाट अनुमोदन गर्न गरि निम्नानुसारको शीर्षकबाट रकमान्तर गरि कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

| क्र.स. | कटौती गर्ने शिर्षक कार्यक्रमको नाम | कटौती हुने रकम रु | थप हुने शिर्षक कार्यक्रमको नाम | थप हुने रकम रु |
|---|---|---|---|---|
| १ | अन्य भत्ता | १५००००/- | सुल्केरी सँग उपाध्यक्ष कार्यक्रम | १५००००/- |
| २ | विविध खर्च | २५००००/- | अपाङ्ग लक्षित विशेष कार्यक्रम | ५००००/- |
| | | | उरामपोखरा स्वास्थ्य चौकी पर्खाल निर्माण | २०००००/- |
| | | ३०००००/- | भुसालचोक देखि गाउँ कार्यपालिकाको कार्यालय सम्म सिंडिबाटो निर्माण | ३०००००/- |

**निर्णय नं. ४ :** विहादी गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा निर्माण सम्पन्न भएका बाच्छा स्वास्थ्य चौकी भवन, उरामपोखरा स्वास्थ्य चौकी भवन र शालिग्राम स्वास्थ्य चौकी भवनहरुको गाउँपालिकाले निर्धारण गरेको समयमा उद्घाटन गर्ने निर्णय गरियो ।

**मिति २०८०।०२।१९ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेलाकोटाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

राम प्रसाद शर्मा कंडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८०।०२।२२

राम प्रसाद शर्मा कंडेल
प्रमुख प्रशासकीय अधिकृत